लुम्बिनी प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

फोनः ०८२-५९०४१६
वेभसाइटः ocmcm.lumbini.gov.np
इमेलः info.ocmcm@lumbini.gov.np

पत्र संख्याः
चलानी नं.:

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका (देउखुरी), नेपाल

मितिः २०८२/०५/०१

## आर्थिक वर्ष २०८१/०८२ को सम्पति विवरण बुझाउने सम्बन्धमा।

सम्पत्ति विवरण बुझाउने सम्बन्धमा द्विविधा भएर सिटरोल दर्ता नभएका स्थायी कर्मचारीहरूको सम्पत्ति विवरण समेत हुलाक मार्फत प्रदेश किताबखाना/मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आउने गरेको र सम्पत्ति विवरण खामबन्दी गर्न तोकिएको (९"X४") भन्दा फरक साइजको खाममा समेत सम्पत्ति विवरण यस कार्यालयमा प्राप्त हुने गरेको छ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूको आर्थिक वर्ष २०८१/०८२ को सम्पति विवरण व्यवस्थापनका लागि यस कार्यालयमा अभिलेख राखी तोकिएको समयभित्रै वैयक्तिक सूचना प्रणाली (PIS) मा अनलाइन दर्ताका लागि राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन ललितपुरमा पठाउनु पर्ने भएकोले यस कार्यालयमा सम्पत्ति विवरण बुझाउन बाँकी प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गतका निकायले कार्यरत कर्मचारीहरूको समष्टिगत विवरण तपसिल बमोजिम Excel Sheet मा तयार गरी सोको सफ्टकपी (इमेल lumbini.pis@gmail.com) सहित सम्पत्ति विवरण खामहरू यस कार्यालयमा बुझाउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | आ.व. | सङ्केत नम्बर | नामथर | पद | हाल कार्यरत कार्यालय | मोबाइल नम्बर |
|---|---|---|---|---|---|---|
| | | | | | | |

पुनश्चः प्रदेश निजामती सेवा वा स्थानीय निजामती सेवाको पदमा सुरु नियुक्ति भएका स्थायी कर्मचारी (सिटरोल दर्ता भएका तथा नभएका सबै) र सेवा करारका कर्मचारीहरूको सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन प्रणालीमा दर्ता गरी सम्बन्धित कार्यालयहरूले सोको समष्टिगत विवरण (Excel Sheet) सहित (इमेल grd.ocmcm5@gmail.com) कर्मचारीहरूको सम्पति विवरण खामहरू तोकिएको समयभित्र यस कार्यालयमा बुझाउनु पर्ने छ।

२०८२/०५/०१

(राम प्रसाद भट्टराई)
उपसचिव